गाउँ कार्यपालिकाको बैठक संख्याः२०८२।०८३-०१

आज मिति २०८२।०५।१५ गते आईतवारका दिन विहान ८.३० बजे शान्तिनगर गाउँपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेत ज्यूको अध्यक्षतामा एवं तपशिलका सदस्यहरूको उपस्थितीमा अध्यक्षको कार्यकक्षमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को पहिलो बैठक बसी देहायका प्रस्तावहरू छलफल गरी निर्णय गरियो।

उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमा कुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल वली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के.सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओपेन्द्र बहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री रञ्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य |
| | १६ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |
| | | | | |

**सहयोगी कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| | १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | पुरन चन्द्र आचार्य | शान्तिनगर गाउँपालिका |
| | २ | स.लेखा अधिकृत | कमला वली | शान्तिनगर गाउँपालिका |
| | ३ | स.क.अ | काश्मिर भण्डारी | शान्तिनगर गाउँपालिका |
| | | | | |

मिति २०८२।०५।१५ गतेको गाउँ कार्यपालिकाको बैठकमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ८(३) र ९ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट प्रस्तुत गरिएको प्रस्तावहरूः

**प्रस्तावहरू**

१. स्थानीय दररेट स्वीकृत सम्बन्धमा।

२. खरिद योजना स्वीकृत सम्बन्धमा।

CS Scanned with CamScanner

गाउँ कार्यपालिकाको बैठक संख्या:२०८२।०८३-०१

३. आरोग्य केन्द्र व्यवस्थापन तथा संचालन सम्बन्धमा।

४. वर्षातको कारणले बिग्रेका सडकहरूको मर्मत संभार सम्बन्धमा।

५. प्रमुख प्रशासकीय अधिकृतको वैदेशिक भ्रमण अनुमोदन सम्बन्धमा।

६. IEE को परिमाण संशोधन गरी ठेक्का खोल्ने सम्बन्धमा

७. विविध

Scanned with CamScanner

मिति २०८२।०५।१५

<u>निर्णय नं. १</u>

आर्थिक वर्ष २०८२।०८३ को दररेट स्विकृत गरीयो ।

<u>निर्णय नं. २</u>

आर्थिक वर्ष २०८२/०८३ को शान्तिनगर गाउँपालिकाको वार्षिक खरिद योजना २०८२, स्वीकृत गरीयो।

<u>निर्णय नं. ३</u>

शान्तिनगर गाउँपालिकामा लुम्बिनी प्रदेश सरकारको सहयोगमा सञ्चालन हुँदै आएको आरोग्य केन्द्र मिति २०८२।०४।०१, च.नं. ०१ को पत्रमा उल्लेख भए अनुसार उक्त कर्मचारीहरूको पारिश्रमिक मिति २०८२ श्रावण महिना देखि यसै गाउँपालिकाबाट खर्च हुने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

शान्तिनगर गाउँपालिका भित्रका तपशिल बमोजिमका सडकहरू वर्षातका कारण क्षेति भएकोले प्राविधिक स्टिमेट अनुसार तपशिल वमोजिम' मर्मत/संभार गर्नुपर्ने भएकोले मर्मतका लागि प्र.प्र.अधिकृतलाई आदेश प्रदान गरियो ।

तपशिल.

१. एकली गिधनिया, हिरापुर हुँदै चिराघाट जाने सडक ग्रावेल शान्तिनगर -४
२. डाडाँ तिलवारी हुँदै ववई नदि जाने सडक र सुन्डवरी कासीपुर जाने सडक ग्रावेल शान्तिनगर-६
३. शान्तिनगर ७ को वडा कार्यालय माथि तिरहुँदै गाउँपालिका जाने सडक र पश्चिम हुँदै गाउँपालिका जाने बाटो ग्रावेल शान्तिनगर-७
४. एकली हुँदै माले चौपारी जाने सडक ग्राबेल शान्तिनगर-४
५. वडा नं. ६ को विभिन्न स्थानमा सडक मर्मत/ग्राभेल शान्तिनगर ६
६.पेदाकोट देखि सार्के जाने बाटो शान्तिनगर-२
७. वडा नं. ५ का काशिपुर, बाघढोई, ढोरेनी र वैशामा सडक मर्मत तथा काशिपुर कुलाको बाध मर्मत

<u>निर्णय नं. ५.</u>

यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भेषराज चन्द नेपाल सरकारको मनोनयनमा गणतन्त्र चिन सरकारको उद्योग तथा बाणिज्य मन्त्रालयको आयोजनामा सेप्टेम्बर ०४ देखि १९ सम्म स्थानीय शासन तथा नेपालबाट गरिबीको अन्त्य सम्बन्धी सेमिनारमा सहभागी हुन जान लाग्नु भएको हुँदा निजको भ्रमण अनुमोदन गरियो ।

प्रमोद बस्नेत
अध्यक्ष
वैठक [illegible] (आ.व २०८२।८३)

शान्तिनगर गाउँपालिका

निर्णय नं ४

शान्तिनगर गाउँपालिकाको आ.व.२०८१।०८२ को आईई प्रतिवेदनलाई संशोधन गरि तत् तत् घाटहरुको कायम गरिएको नदिजन्य पदार्थको परिमाणको विवरण

| क.स. | खोला तथा नदिको नाम | क्षेत्र | दिगो उत्खनन गर्न सकिने परिमाण | | | वार्षिक उत्खनन आयतन (घ.मि) | वार्षिक उत्खनन आयतन (क्यु.फि) | राजश्व दर भ्याट बाहेक | राजश्व रकम भ्याट बाहेक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लम्बाई (मि) | चौडाई (मि) | गहिराई (मि) | | | | | |
| १ | बबई | कोर्वाङ घाट | २५० | २३ | १ | ५७५० | २०३०४४ | ८ | १६२४३५२ | |
| २ | बबई | देविपुर घाट | २५५ | २३ | १ | ५८६५ | २०७१२२.४७ | ८ | १६५६९७९.७६ | |
| ३ | बहुला खोला | विष्णुपुर घाट | १७५ | २० | १ | ३५०० | १२३७०२.५ | ८ | ९८९६२०.० | |
| ४ | वहुला खोला | काँसिपुर घाट | २७० | २५ | ०.५ | ३३७५ | ११९१८८.१२२ | ८ | ९५३५०५.० | |
| ५ | बान्द्रे खोला | झोलुङ्गे पल घाट | २९५ | १० | १ | २९५० | १०४१७९.२५ | ८ | ८३३४३४.००० | |
| ६ | बागर खोला | खडकपुर घाट | १२० | २० | १ | २४०० | ८४७५६.३९८४ | ८ | ६७८०५१.२ | |
| ७ | च्याटी खोला | खिलतपुर घाट | १५८ | १० | १ | १५८० | ५५७९७.७ | ८ | ४४६३८१.६ | |
| ८ | केराघारी खोला | केराघारी घाट | ८९.०३ | १५ | १ | १३३५.४५ | ४७१६१.५५०३ | ८ | ३७७२९२ | |
| | जम्मा | | | | | २६७५५.४५ | ९४४८६८.६९३ | ८ | ७५५९६१५.९२२ | |

निर्णय न ६ शान्तिनगर गाउँपालिका अन्तर्गतका विभिन्न खोला तथा नदिहरुको विभिन्न घाटहरुको नदिजन्य पदार्थको परिमाण यकिन गर्न आ.व.२०८१।०८२ मा तयार भई स्वीकृत भएको आईई प्रतिवेदनमा उल्लेखित घाटहरुको पुनःस्थलगत निरिक्षण पश्चात तत् तत् घाटहरुको परिमाण फेरबदल गरि आईई प्रतिवेदन संशोधन सहित माथि उल्लेखित घाटहरुको परिमाण स्वीकृत गरि चालु आ.व. २०८२।०८३ मा संशोधित आईई प्रतिवेदनमा उल्लेखित परिमाणमा ठेक्का बन्दोबस्त गर्नलाई स्वीकृती/अनुमति प्रदान गर्ने ।

प्रमोद बस्नेत
अध्यक्ष

निर्णय नं ७,

प्रस्ताव नं ७ विविध उपर तपसिल बमोजिमका निर्णयहरु गरियो ।

क. शान्तिनगर गाउँपालिकाको वडा नं २ मा रहेको गौशालामा गाईहरुको रेखदेखको लागि तपशिल बमोजिम व्यक्तिहरुबाट सेवा करारमा लिईदै आएकोमा आ व २०८२।०८३ को लागि श्रावण देखि लागु हुने गरी देहायका व्यक्तिहरुलाई सेवा करारमा लिने र निजहरुलाई पारीश्रमिक जनहि मासिक रु १५०००।प्रदान गर्ने ।

| सि नं | आ व २०८१।०८२ मां कार्यरत जनशक्तिको विवरण | | आ व २०८२।०८३ मा कार्यरत जनशक्तिको विवरण | |
|---|---|---|---|---|
| | नाम | ठेगाना | नाम | ठेगाना |
| १ | तुलसी वली | शान्तिनगर २ दाङ | तुलसी वली | शान्तिनगर २ दाङ |
| २ | मोहनलाल डागी | शान्तिनगर २ दाङ | मोहनलाल डागी | शान्तिनगर २ दाङ |
| ३ | उम वहादुर शाहि | शान्तिनगर २ दाङ | गिता चौधरी | शान्तिनगर २ दाङ |

ख. हेफर संस्था मार्फत सञ्चालन हुने आ व २०८२।०८३ को स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि संझौतामा उल्लिखित प्रथम रकम किस्ता बापतको रकम रु २७५००००। अक्षेरेपि सत्ताईस लाख पचास हजार रुपैया पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

ग. गत आर्थिक बर्षमा कार्यसम्पादनको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत श्री भेषराज चन्द मेरुदण्ड सम्बन्धी समस्याबाट ग्रसित हुनु भएता पनि असार महिनाको बर्षान्तमा निकै पिडाका बावजुद पनि सफलता पूर्बक साल तमामी गर्नु भएको र कार्य सम्पादनकै सिलसिलामा लेखा अधिकृत दुर्घटनामा परेको हुँदा निजहरुलाई क्रमश रु ९०,०००।(अक्षरुपी नव्वे हजार) र रु ६०,०००।(अक्षरुपि साठि हजार मात्र) उपचार खर्च उपलब्ध गराउने ।

घ. संघीय सरकारको हस्तान्तरित कार्यक्रम अन्तर्गत १ जना जनस्वास्थ्य अधिकृत र आन्तरिक श्रोतबाट सेवा सुविधा व्यवस्थापन गर्ने गरि १ जना अ हे व सेवा करारमा लिने गरी विज्ञापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।



प्रमोद बस्नेत
अध्यक्ष

Scanned with CamScanner

ङ. सूचना प्रविधि अधिकृत श्री रविन रेग्मी छैठौ तहमा कामकाज गर्दै आएकोमा निजलाई स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि २०८२ को परिच्छेद ३ दफा ६ बमोजिम निजलाई ७ औं तह कायम गरिदिने ।

च. नदिजन्य पदार्थको चोरी निकाशी निरुत्शाहित गर्न गरिने जरिवाना रकमबाट नगरप्रहरीलाई २५ प्रतिशत रकम प्रोत्साहन वापत उपलब्ध गराउने । रोकथामका लागि वहुलाखोलाको जिम्मेवारी वडा नं २ का अध्यक्ष श्री सुनिल वली लाई प्रदान गर्ने ।

प्रमोद बस्नेत
अध्यक्ष



CS Scanned with CamScanner

शान्तिनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

... दाङ

आ.ब. २०८२/०८३ का लागि आवश्यक औषधिहरुको कार्यपालिका द्वारा स्विकृत दररेट यस प्रकार रहेको छ ।   मिति:-२०८२/०५/१५

| 1 | Name of Medicines | Form of Medicines | Strength | Kunjan Medico Concern Ghorahi Dang | Tulsipur Surgical House PVT.LTD | Malika Medicine& Surgical Distributors | United Medico Concern PVT.LTD Ghorahi Dang | Average Price | 15% less Price |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Rate Per Unit | Rate Per Unit | Rate Per Unit | Rate Per Unit | | |
| 2 | Acetya Salycylic acid (Aspirin) | Tablet | 75mg | 0.95 | 0.9 | 0.91 | 1 | 0.9 | 0.1 |
| 2 | Adrenaline(epinephrine) | Injection | 1mg in 1 ml | 27 | 25 | 26 | 30 | 27.0 | 4.1 |
| 3 | Albendazole | Chewable Tab | 400mg | 10 | 8.6 | 8.7 | 10 | 9.3 | 1.4 |
| 4 | | Suspension | 200mg/5ml | 21 | 17 | 20 | 20 | 19.5 | 2.9 |
| 5 | Aluminium hydroxide + Mag. Hydroxide(antacid) | Tablet | 250mg +250 mg | 2.5 | 2 | 2.2 | 3 | 2.4 | 0.4 |
| 6 | Amitriplyline | Tablet | 10mg | 2.5 | 2 | 2.2 | 2.5 | 2.3 | 0.3 |
| 7 | | | 25 mg | 3.8 | 3.2 | 3.5 | 4 | 3.6 | 0.5 |
| 8 | Amlodipine | Tablet | 5mg | 5 | 4 | 4.5 | 5 | 4.6 | 0.7 |
| 9 | Amoxycillin | Oral Capsules | 500mg | 8 | 6.8 | 7 | 9 | 7.7 | 1.2 |
| 10 | | Pouder for oral suspension | 125mg/5ml 100ml | 90 | 70 | 80 | 100 | 85.0 | 12.8 |
| 11 | | DispensibleTablets | 125mg | 4 | 3.5 | 3.8 | 5 | 4.1 | 0.6 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 12 | | | 250mg | 6 | 4.5 | 5 | 6 | 5.4 | 0.8 |
| 13 | Ampicillin | powder For iv/im injection | 250mg vial | 0 | 0 | 0 | 0 | 0.0 | 0.0 |
| 14 | | | 500 mg vial | 4 | 20 | 22 | 25 | 17.8 | 2.7 |
| 15 | Atropine | Injection | 0.6 mg in 1ml Ampules | 12 | 10 | 12 | 15 | 12.3 | 1.8 |
| 16 | Azithromycin | Tablet | 250 mg | 16 | 13 | 14 | 15 | 14.5 | 2.2 |
| 17 | | | 500mg | 25 | 24 | 20 | 30 | 24.8 | 3.7 |
| 18 | Calamine Lotion | Lotion | 15% W/v 30ml | 45 | 38 | 40 | 40 | 40.8 | 6.1 |
| 19 | Calcium gluconate | Injection | 1gm per 10ml (100mg/ml of 10 ml) | 40 | 34 | 35 | 40 | 37.3 | 5.6 |
| 20 | Cefixime | Tablet | 200mg | 20 | 17.2 | 18 | 20 | 18.8 | 2.8 |
| 21 | | | 250mg/ vial | 50 | 43 | 44 | 50 | 46.8 | 7.0 |
| 22 | Ceftriaxone | Powder for Injection | 500mg/vial | 52 | 51 | 52 | 60 | 53.8 | 8.1 |
| 23 | | | 1gm w/vial | 90 | 75 | 80 | 100 | 86.3 | 12.9 |
| 24 | Cetirizine HCL | Tablet | 10mg | 3.5 | 2.6 | 3 | 3 | 3.0 | 0.5 |
| 25 | | Syrup | 5mg/5ml | 41 | 38 | 40 | 40 | 39.8 | 6.0 |
| 26 | Charchal, activated | Powder in Sachet | 10 gm | 66 | 60 | 65 | 100 | 72.8 | 10.9 |
| 27 | Chlorhexidine (CHX) | solution | SolutionSolution, 0.2%oral 50ml | 41 | 38 | 40 | 40 | 39.8 | 6.0 |
| 28 | | ointment | 4% 5gm | 66 | 64 | 65 | 70 | 66.3 | 9.9 |
| 29 | Ciprofloxacin | Tablet | 500mg | 8.3 | 6.8 | 8.2 | 7 | 7.6 | 1.1 |
| 30 | | | 250mg | 8.2 | 6.8 | 8 | 6 | 7.3 | 1.1 |
| 31 | | Eye/Ear Drops | 0.3%w/v 5ML | 26 | 22 | 25 | 26 | 24.6 | 3.7 |
| 32 | | Eye ointment | 0.3% 5 Gm | 28 | 25 | 27 | 30 | 27.6 | 4.1 |